# प्रेस विज्ञप्ति

# तेस्रो मानवअधिकार राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाडौं, पौष ३ गते २०६९

मुलुकको विद्यमान संवैधानिक एवम् राजनैतिक संकटको समाधान नगरी मानवअधिकार र सामाजिक न्यायको प्रत्याभूति हुन असम्भव भएको निश्कर्ष निकाल्दै तत्काल राजनैतिक सहमतिको आधारमा संकटको अन्त्य गरी यथाशीघ्र संविधान निर्माणका लागि आवश्यक पूर्वाधार तयार गर्न आव्हान गर्दै मानवअधिकार एलाइन्सको तेस्रो मानवअधिकार राष्ट्रिय सम्मेलन सम्पन्न भयो ।

अठार बुँदे काठमाडौं मानवअधिकार घोषणापत्र जारी गर्दै काठमाडौंमा सम्पन्न भएको उक्त सम्मेलनले विघटीत संविधानसभाको मस्यौदामा समावेश गरिएका नागरिकका मौलिक मानवअधिकारका सवालहरुलाई समेत सुरक्षित गर्नुपर्ने कुरामा जोड दिएको छ । त्यस्तै सम्मेलनले राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिशहरुको अक्षरस पालना र कार्यान्वयन गर्न माग गरेको कुरा घोषणापत्रमा उल्लेख गरिएको छ ।




संक्रमणकालिन न्यायमार्फत विगत दश वर्षे सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरुको अवस्थालाई अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगमा सचिवालय रहने गरी अनुगमन संयत्रको स्थापना गर्न सम्मेलनले जोड दिएको छ । त्यस्तै मानवअधिकार रक्षकहरुको सम्मेलनमा सरकारको सत्य निरुपरण तथा मेलमिलाप आयोगहरुलाई एउटै बनाउने कदमप्रति असन्तुष्टि जनाइएको छ ।

राज्यले अल्पसंख्यक, सिमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायकहरुको शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि तथा अत्यावश्यक वस्तुहरुको सहज र सुलभ तरिकाले उपलब्ध गराउनु पर्ने र त्यसको लागि सकरात्मक विभेदको नीति, कार्यक्रम तथा संयन्त्रको समेत निमार्ण गर्न माग गरेको छ ।

विकास निर्माणको कार्यलाई दीर्घकालिन सोचको रुपमा लिन आग्रह गर्दै सम्मेलनको घोषणापत्रमा वातावरण विनाशप्रति सजग रहन सरकारको ध्यानाकर्षण गरेको छ । त्यस्तै प्राकृतिक श्रोतसाधनको परिचालन गर्दा स्थानीय जनसमुदायको अग्राधिकार सुनिश्चित गर्नुपर्ने कुरामा समेत जोड दिइएको छ ।

सम्मेलनले सरकारलाई नेपाल पक्षभएका अन्तराष्ट्रिय कानुनहरुको पूर्ण कार्यान्वयन गर्न आव्हान गरेको छ । त्यस्तै समाजमा पछाडि पारिएका जातजाति, धर्म, समुदाय, लिंगका समुदायहरुको हक अधिकारप्रतिसमेत चासो दिन आग्रह गरिएको कुरा घोषणपत्रमा छ ।

उद्घाटन सत्रको प्रमुख अतिथिको रुपमा बोल्दै पूर्व प्रधानमन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मानवअधिकारको क्षेत्र व्यापक भएको हुँदा सबै भन्दा जोखिममा परेको अधिकारको प्राथमिकता तोकेर काम गर्न रक्षकहरुलाई सुझाव दिनुभएको थियो । अब राजनीतिका कुरालाई बन्द गरी आर्थिक विकास, रोजगारीका कुरा र काम गर्नुपर्छ भन्दै नेपालले देश जति गरिब हुन्छ मानवअधिकारको अवस्थ पनि त्यति नै नाजुक हुन्छ भन्नुभयो ।

नेपाली काँग्रेसका नेता एवम् पूर्व अर्थमन्त्री डा. रामशरण महतले राज्य बलियो नहुँदासम्म मुलुकको मानवअधिकार पनि बलियो नहुने विचार व्यक्त गर्नुभयो । उहाँले अहिले मुलुकको राज्यसंयत्रहरु ज्यादै कमजोर अवस्थामा रहेको हुँदा कानूनको शासनको अनूभूति जनताले गर्न नपाएको गुनासो व्यक्त गर्नुभयो । बहुलबादमा मात्र मानवअधिकारको सुनिश्चित हुनेहुँदा आर्थिक प्रगतिसहितको मानवअधिकारको कुरा जनताको हीतमा हुन्छ भन्ने धरणा नेता महतले सम्मेलनमा राख्नुभयो ।

सम्मेलनको अध्यक्षता गर्नुभएका मानवअधिकार एलाइन्सका अध्यक्ष गणेश वि.के.ले मानवअधिकारको विषयलाई गाउँगाउँमा पुऱ्याउन एलाइन्सले महत्पूर्ण भूमिका खेलेको छ भन्नुभयो । अध्यक्ष वि.के.ले हरेक मानवअधिकार रक्षकले कानूनको सामान्य जानकारी राख्न जरुरी भएको हुँदा मानवअधिकार रक्षक निर्देशिका तयार गरिएको र यसलाई देशभरिका मानअधिकार रक्षकहरुको साथमा पुऱ्याउने लक्ष्य लिइएको धारणा राख्नुभयो । उहाँले मानवअधिकारको रक्षा र सम्बर्द्धनमा समाजसेवी भावनाको विकास गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

शुभकामना मन्तव्यकै क्रममा मानवअधिकार एलाइन्सका सल्लाहकार एवम् निवर्तमान संविधानसभा सदस्य शान्ति अधिकारीले महिला हिंसालाई मानवअधिकारको मुद्दा बनाउनु पर्दछ भन्नुभयो । सभासदले खेलेको भूमिकालाई नजरअन्दाज गर्न नुहुने जिकिर गर्दै उहाँले संविधानसभाले गरेको कामलाई सुरक्षित राख्न सबै मानवअधिकार रक्षकहरुले आ–आफ्नो ठाउँबाट भूमिका खेल्न आग्रह गर्नुभयो ।

दुई दिनसम्म सञ्चालनभएको सम्मेलनको समापन समारोहमा प्रमुख अतिथिको रुपमा उपस्थित राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मुलुकमा दण्डहीनताले विधिको शासन, शान्ति, सुरक्षा र जनताको दैनिक जीवनमा समेत दखल पुऱ्याएको हुँदा मानवअधिकार रक्षकहरु एक भएर लाग्नु पर्ने धारणा राख्नुभयो । उहाँले सरकार किन मुलुकको मानवअधिकारको अवस्था यति नाजुक हुँदा पनि सही कदम चाल्न नसकेको होला भनेर गुनासो पोख्नुभयो ।

सम्मेलनमा मानवअधिकार आयोगका सदस्य रामनगिना सिंह, दलित आयोगका अध्यक्ष सुशिला श्रीपाली, नेकपा एमालेका नेता अग्नीप्रसाद खरेल, इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले समेत मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यस्तै मानवअधिकार कर्मी प्रदिप पोखरेल, फोरम, नेपालका नेता रत्नेश्वरलाल कायस्थ, गैसस महासंघका अध्यक्ष शर्मीला कार्की, नेकपा–माओवादीका एकराज भण्डारी, दलित गैसस महासंघका अध्यक्ष गजाधर सुनारलगायतले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा पचहत्तरै जिल्लाबाट करिब एक सय बीस जना मानवअधिकार रक्षकहरुको सहभागिता रहको थियो । दुई दिनसम्म संचालित कार्यक्रममा विभिन्न थिमाटिक शिर्षकहरुमा छलफल भएको थियो भने सहभागी रक्षकहरुले आफ्नो जिल्लाको मानवअधिकारको स्थितिको बारेमा समेत धारणा रोखेका थिए । सम्मेलनको दोस्रो दिनको अन्त्यतिर मानवअधिकार एलाइन्सको चौथो रष्ट्रिय परिषद् बैठकसमेत बसेको थियो । सम्मेलनको संचालन मानवअधिकार एलाइन्सका सचिव केसवप्रसाद रेग्मीले गर्नुभएको थियो भने स्वागत मन्तव्य सचिव सुरेशकुमार गौतमले गर्नुभएको थियो ।